नवराजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवराजपुर, सिरहा
मधेश प्रदेश, नेपाल

पत्र संख्या : ०८३।०८४
चलानी नं :

मितिः २०८३/०६/२३

सूचना ।

सूचना ।।

सूचना ।।।

विषयः नवराजपुर गाउँपालिका भरि ट्युबवेल जडान कार्यका लागि आवेदन माग गरिएको सम्बन्धी सूचना ।

यस नवराजपुर गाउँपालिकाको चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिका क्षेत्रभित्रका विपन्न खानेपानी सुविधाबाट बञ्चित घरपरिवारहरूलाई ट्युबवेल जडान तथा वितरण गर्नुपर्ने भएकाले यो सूचना प्रकाशन गरिएको छ ।

गाउँपालिकाको निर्णय अनुसार ट्युबवेल जडान गर्न इच्छुक र योग्यता पुगेका स्थानीय बासिन्दाहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र (कार्यालय समयभित्र) तोकिएका आवश्यक कागजातहरू सहित आफ्नै गाउँपालिकाको प्रशासन शाखामा रीतपूर्वकको आवेदन दर्ता गराउनु हुन अनुरोध गरिन्छ।

आवेदनका लागि आवश्यक न्यूनतम योग्यता तथा सर्तहरूः

- निवेदन पेश गर्ने व्यक्ति नवराजपुर गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।
- खानेपानीको हकमा सम्बन्धित घरधुरीमा अन्य कुनै पनि स्वच्छ खानेपानीको वैकल्पिक स्रोत नभएको हुनुपर्नेछ ।
- गाउँपालिकाको नियमानुसार तोकिएको लागत सहभागिता वा साझेदारी रकम (भएमा) व्यहोर्न मन्जुर हुनुपर्नेछ ।
- विगतका वर्षहरूमा गाउँपालिका वा अन्य कुनै सरकारी निकायबाट यस प्रकारको अनुदान वा सुविधा प्राप्त नगरेको हुनुपर्नेछ ।

आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरूः

- रीतपूर्वक भरिएको निवेदन/आवेदन फाराम ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) को प्रतिलिपि।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
- दलित, विपन्न, अपाङ्गता वा लक्षित वर्ग प्रमाणित गर्ने आधिकारिक कागजात (भएमा) ।

२३।०६।२३

राकेश ओझा
• प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner